**मेगा बैंक नेपाल लिमिटेडको**
**एघारौं वार्षिक साधारण सभाको विवरण (माइन्यूट)**

## १. वैधानिक सभाः

मेगा बैंक नेपाल लिमिटेडको मिति २०७८ साल मंसीर ६ गते बसेको सञ्चालक समितिको ३४५ औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ तथा बैंकको प्रबन्धपत्र र नियमावली बमोजिम बैंकको एघारौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री भोजबहादुर शाहज्यूको सभापतित्वमा देहाय बमोजिम सम्पन्न भयो ।

## २. सभाको मिति, समय र स्थानः

२.१ मिति : २०७८ साल मंसीर २८ गते, मंगलवार (तदनुसार 14th December 2021)
२.२ समय : बिहान ११:१५ बजे ।
२.३ स्थान : नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौं ।

## ३. सभाको सूचना सम्बन्धी जानकारीः

एघारौं वार्षिक साधारण सभा हुने मिति, समय, स्थान र छलफल हुने विषयहरु सहितका विवरण खुलाई कम्पनी ऐन २०६३ को दफा ६७ (२) तथा बैंकको नियमावलीको नियम १८ (३) बमोजिम कम्तीमा २१ दिन अगावै शेयरधनीहरुलाई सभा हुने ठाँउ, मिति र साधारण सभामा पेश गर्नुपर्ने तथा निर्णय गर्नुपर्ने विषयबस्तुहरु उल्लेख गरी मिति २०७८ साल मंसीर ७ गते नया पत्रिका राष्ट्रिय दैनिकमा र २०७८ साल मंसीर २० गते नेपाल समाचार पत्र राष्ट्रिय दैनिकमा पुरा पृष्ठ सूचना प्रकाशित गरी सबै शेयरधनीहरुलाई जानकारी गराइएको कम्पनी सचिवले जानकारी दिनु भयो ।

कम्पनी ऐनले गरेको व्यवस्थाको अधिनमा रही साधारण सभाको सूचना तथा सभामा पेश गर्नुपर्ने तथा निर्णय गर्नुपर्ने विषयवस्तु समेत उल्लेख भएको बैंकको एघारौं वार्षिक प्रतिवेदन विद्युतीय सञ्चारमाध्यम बैंकको Website www.megabanknepal.com मा राखिनुका साथै बैंकको अभिलेखमा रहेको शेयरधनीहरुको ईमेल ठेगानामा पनि पठाईएको छ ।

बैंकका शेयरधनीहरुको संख्या २ लाख भन्दा बढी रहेको, शेयरधनीहरुको सञ्जाल मुलुक भरी तथा मुलुक बाहिर समेत छरिएर रहेको र सोही अनुपातमा बैंकको वार्षिक प्रतिवेदन तथा संक्षिप्त आर्थिक विवरणहरु प्रकाशित गरी निर्धारित समयावधिभित्र शेयरधनीमहानुभावहरु समक्ष उपलब्ध गराउन व्यवहारिक रुपमा सहज नभएको अवस्था समेतलाई मध्येनजर गरी बैंकले कम्पनी ऐन, २०६३ को दफा ८४ को उपदफा (४) र (५) बमोजिम बैंकको संक्षिप्त वार्षिक आर्थिक विवरणहरु शेयरधनी महानुभावहरुको जानकारीको लागि मिति २०७८ साल मंसीर ७ गते नया पत्रिका राष्ट्रिय दैनिकमा र २०७८ साल मंसीर २० गते नेपाल समाचार पत्र राष्ट्रिय दैनिकमा पुरा पृष्ठ प्रकाशित गरी शेयरधनीहरुलाई जानकारी गराईएको व्यहोरा समेत कम्पनी सचिवले जानकारी दिनु भयो ।

## ४. सभाको विषय सूचीः

### ४.१ छलफल तथा निर्णयका लागि निर्धारित विषय सूची :

*क) सामान्य प्रस्ताव :*

१. अध्यक्षज्यूको मन्तव्य सहित सञ्चालक समितिको वार्षिक प्रतिवेदन २०७७/७८ पारित गर्ने ।

२. मेगा बैंक नेपाल लिमिटेडको आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षकको प्रतिवेदन सहित बैंकको मिति २०७८ आषाढ ३१ गतेको एकिकृत वित्तीय अवस्थाको विवरण (वासलात), मिति २०७७ श्रावण १ गते देखि मिति २०७८ आषाढ ३१ गते सम्मको एकिकृत नाफा नोक्सानको विवरण, एकिकृत अन्य विस्तृत आम्दानीको विवरण, एकिकृत नगद प्रवाह विवरण, एकिकृत इक्विटीमा भएको परिवर्तनको विवरण, प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु, वित्तीय विवरणको अनुसूचिहरु र उद्घोषण तथा अतिरिक्त विवरणहरु सहितको लेखापरीक्षण गरिएको आर्थिक वर्ष २०७७/७८ को वार्षिक वित्तीय विवरणहरु (सहायक कम्पनी मेगा क्यापिटल मार्केट्स लिमिटेड समेतको) उपर छलफल गरी पारित गर्ने ।

कम्पनी सचिव

३. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पुँजी रु.१४,६५,४९,६४,९५७/६० (अक्षेरुपी चौध अर्व पैसठ्ठी करोड उनन्पचास लाख चौसठ्ठी हजार नौ सय सन्ताउन्न रुपैयाँ साठी पैसा मात्र) को २.०७% का दरले हुन आउने रकम रु.३०,३३,५७,७७४।६२ (अक्षेरुपी तीस करोड तेत्तीस लाख सन्ताउन्न हजार सात सय चौहत्तर रुपैयाँ बैसठ्ठी पैसा मात्र) नगद लाभांश स्वीकृत गर्ने ।

४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७८/७९ को लागि बैंकको लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गर्ने ।

*ख) विशेष प्रस्ताव :*

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पुँजी रु. रु.१४,६५,४९,६४,९५७/६० (अक्षेरुपी चौध अर्व पैसठ्ठी करोड उनन्पचास लाख चौसठ्ठी हजार नौ सय सन्ताउन्न रुपैयाँ साठी पैसा मात्र) को १०% ले हुन आउने रकम रु.१,४६,५४,९६,४९५।७६ (अक्षेरुपी एक अर्व छयालीस करोड चौवन्न लाख छयानब्बे हजार चार सय पन्चानब्बे रुपैयाँ छयहत्तर पैसा मात्र) बोनस शेयर जारी गर्न स्वीकृति प्रदान गर्ने र बोनस शेयर जारी गरे पश्चात् कायम हुने भिन्न अंक (Fraction) लाई भविष्यमा समायोजन गर्ने गरी यथावत राख्ने ।

२. बैंकको प्रवन्धपत्र र नियमालीमा संशोधन गर्ने ।

३. बैंकको प्रबन्धपत्र र नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुबाट कुनै फेरवदल गर्न निर्देशन प्राप्त भएमा सो अनुसार आवश्यक फेरवदल गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

४. बैंकमा अर्को कुनै बैंक वा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ती (एक्विजिसन) गर्ने सम्बन्धमा आवश्यकता अनुसार मर्जर / प्राप्ती समिति गठन गर्ने, उपयुक्त बैंक वा वित्तीय संस्थासंग समझदारी पत्र ( Memorandum of Understanding) गर्ने, सम्पत्ति, दायित्व तथा कारोबारको मूल्याङ्कन (Due Diligence Audit) गर्न मान्यता प्राप्त (स्वदेशी वा विदेशी) मूल्याङ्कनकर्ता नियुक्ती गर्ने गराउने, मुल्याङ्कनकर्ताको पारिश्रमिक तोक्ने, शेयर आदान प्रदान अनुपात (Share Swap Ratio ) निर्धारण गर्ने, गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ती (एक्विजिसन) गर्न अन्तिम सम्झौता गर्ने लगायतका मर्जर तथा एक्विजिसनसँग सम्बन्धित आवश्यक सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

५. प्रचलित ऐन/कानूनको अधिनमा रही बैंकमा वैदेशिक रणनैतिक साझेदार ल्याउने प्रयोजनको लागि वैदेशिक रणनैतिक साझेदारको पहिचान गर्ने सम्बन्धमा आवश्यक कार्य गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग) विविध :**

**५. उपस्थिति:**

**५.१ सञ्चालकहरू (कम्पनी ऐन, २०६३ को दफा ६८) :**

| | | |
|---|---|---|
| (क) श्री भोजबहादुर शाह | - | अध्यक्ष |
| (ख) श्री गोपाल खनाल | - | सञ्चालक |
| (ग) श्री मदन कुमार आचार्य | - | सञ्चालक |
| (घ) श्री मुक्तिराम पाण्डे | - | सञ्चालक |
| (ङ) डा. इन्द्र बहादुर मल्ल ठकुरी | - | सञ्चालक |
| (च) श्री बालकृष्ण शिवाकोटी | - | सञ्चालक |
| (छ) श्रीमती शिवा देवी काफ्ले | - | सञ्चालक (बिदामा-देश बाहिर) |

**५.२ पदाधिकारीहरुको उपस्थिति:**

| | |
|---|---|
| (क) श्री अनुपमा खुञ्जेली | - प्रमुख कार्यकारी अधिकृत, मेगा बैंक नेपाल लिमिटेड । |
| (ख) श्री रविना देशराज श्रेष्ठ | - नायब प्रमुख कार्यकारी अधिकृत, मेगा बैंक नेपाल लिमिटेड । |
| (ग) श्री तुल्सीराम पोखरेल | - बरिष्ठ नायव महाप्रवन्धक/कम्पनी सचिव, मेगा बैंक नेपाल लिमिटेड । |
| (घ) श्री मनोज खड्का | - नायब महाप्रबन्धक, मेगा बैंक नेपाल लिमिटेड । |
| (ङ) श्री अमित श्रेष्ठ | - नायब महाप्रबन्धक, मेगा बैंक नेपाल लिमिटेड । |
| (च) श्री प्रज्ञा पाण्डे | - नायब महाप्रबन्धक, मेगा बैंक नेपाल लिमिटेड । |

कम्पनी सचिव

MEGA BANK NEPAL LIMITED
मेगा बैंक नेपाल लिमिटेड

(छ) श्री छबिन्द्र नाथ शर्मा - सहायक महाप्रबन्धक, मेगा बैंक नेपाल लिमिटेड ।
(ज) श्री राजेन्द्र सुबेदी - सहायक महाप्रबन्धक, मेगा बैंक नेपाल लिमिटेड ।
(झ) श्री निर्मल श्रेष्ठ - प्रमुख, वित्त तथा योजना विभाग, मेगा बैंक नेपाल लिमिटेड ।
(ञ) श्री प्रविण पौडेल - प्रमुख, कानुन विभाग प्रमुख, मेगा बैंक नेपाल लिमिटेड ।

५.३ आमन्त्रित:

१.श्री सबिर बादे श्रेष्ठ -प्रमुख कार्यकारी अधिकृत, मेगा क्यापिटल मार्केट्स लिमिटेड ।
२.श्री दिवाकर शर्मा -प्रतिनिधि,कम्पनी रजिष्ट्रारको कार्यालय ।

**५.४ शेयरधनीहरुको उपस्थिति (कम्पनी ऐन २०६३ को दफा ७३ बमोजिम):**

बैंकको हाल कायम कुल चुक्ता पुंजी रु. रु.१४,६५,४९,६४,९५७/६० (अक्षेरुपी चौध अर्ब पैसठ्ठी करोड उनन्पचास लाख चौसठ्ठी हजार नौ सय सन्ताउन्न रुपैयाँ साठी पैसा मात्र) को रु.१०० अंकित दरका १४,६५,४९,६४९/५७ कित्ता शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीहरु :

क) स्वयंको उपस्थिति १०३७ जना (शेयर संख्या ३,०७,७७,२४४ कित्ता) २१.००१ प्रतिशत

(ख) प्रतिनिधि मार्फत उपस्थिति १९५१ जना (शेयर संख्या ५,०१,७१,१९९ कित्ता) ३४.२३ प्रतिशत

(ग) जम्मा शेयर संख्याको प्रतिनिधित्व २९८८ जना ८,०९,४८,४४३ कित्ता, ५५.२३ प्रतिशत

सभामा उपस्थित सबै शेयरधनी महानुभावहरू मतदान गर्न योग्य रहेको ।

**६.सभाको वैधानिकता र गणपुरक संख्या:**

६.१ साधारण सभा शुरू हुनु अघि कम्पनी सचिवले सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई बैंकको तर्फबाट स्वागत गर्नु हुँदै कम्पनी ऐन र बैंकको प्रबन्धपत्र, नियमावली तथा प्रचलित नेपाल कानून बमोजिम बैंकको एघारौं वार्षिक साधारण सभा बोलाइएको र कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरूप सभाको लागि आवश्यक गणपुरक संख्या पुगेको जानकारी सभालाई दिनुभयो ।

६.२ तत्पश्चात् कम्पनी ऐन २०६३ को दफा ७३ अनुसार गणपुरक संख्या पुगेको सभाले सभा सञ्चालन गर्न मन्जुर गर्दै पूर्व सूचित सभाको निर्धारित विषयसूचीको क्रमानुसार जान र तत्सम्बन्धमा प्रचलित ऐन बमोजिम कारवाही अगाडि बढाउन सहमति दियो ।

**७. सभाको सभापतित्व:**

सभाको वैधानिकता पूरा भएपछि कम्पनी ऐन २०६३ को दफा ७४ र बैंकको नियमावलीको नियम १९ अनुसार यस बैंकको सञ्चालक समितिका अध्यक्ष श्री भोजबहादुर शाहज्यूलाई एघारौं वार्षिक साधारण सभाको सभापतित्व गरिदिनु हुन कम्पनी सचिवले आग्रह गर्नुभयो र सञ्चालक समितिका अध्यक्षज्यूले सभाको सभापतित्व गर्नुभयो ।

**८. सभाको उद्घाटन र सभा सञ्चालन:**

बैंक सञ्चालक समितिका अध्यक्षले बैंकको एघारौं वार्षिक साधारणसभाको सभापतित्व ग्रहण गरेपछि कार्यतालिका अनुसार कम्पनी सचिवको अनुरोधमा अध्यक्ष तथा कार्यक्रमका सभापति श्री भोजबहादुर शाहज्यूले पानसमा बत्ती बालेर सभाको समुद्घाटन गर्नु भयो । सभाको समुद्घाटन पछि सभापतिज्यूको निर्देशानुसार कम्पनी सचिवले सभा सञ्चालन गर्नु भयो ।

**९. सञ्चालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुती:**

९.१.आर्थिक वर्ष २०७७/०७८ र आ.व. २०७८/०७९ को पहिलो त्रैमास सम्मको बैंकको अवस्था, प्राप्त उपलब्धीहरु र भावी कार्यक्रमका बारेमा बैंकका प्रमुख कार्यकारी अधिकृत श्री अनुपमा खुन्जेलीले प्रस्तुती सहित विस्तृत रुपमा प्रकाश पार्नु भयो ।

कम्पनी सचिव

९.२.सभाको काम कारवाहीलाई अगाडि बढाउने क्रममा सभाका सभापतिज्यूले आफ्नो मन्तव्य सहित सञ्चालक समितिको एघारौं वार्षिक प्रतिवेदन सभा समक्ष पढेर सुनाउनु भयो ।

९.३.सभाका सभापतिज्यूले सञ्चालक समितिको एघारौं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८ आषाढ मसान्तको एकीकृत वासलात तथा सोही मितिमा समाप्त आ.व.२०७७/०७८ को एकीकृत नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण (सहायक कम्पनी मेगा क्यापीटल मार्केटस् लिमिटेड समेतको) लगायत अन्य वित्तीय विवरणहरु माथि छलफल गरी पारित गर्नका लागि आ-आफ्नो विचार, जिज्ञासा, मन्तव्य, सुझाव एवं प्रश्न राख्न तथा छलफल गर्न इच्छुक शेयरधनी महानुभावहरूलाई आह्वान गर्नुभयो ।

**१०. छलफलमा सहभागी हुनु हुने शेयरधनी महानुभावहरू:**

छलफलका लागि सभापतिज्यूले आह्वान गर्नु भए अनुसार सभामा शेयरधनी महानुभावहरूले आ-आफ्नो मन्तव्य, जिज्ञासा एवं सुझाव राख्न आ-आफ्नो नाम दिनु भयो र १२ जना शेयरधनी महानुभावहरुले क्रमश: आ-आफ्नो राय तथा सुझावहरु राख्नु भयो र १ जना शेयरधनीले लिखित मन्तव्य पेश गर्नु भयो । उहाँहरुका राय/सुझावहरु तथा सो माथि बैंक व्यवस्थापन तथा संचालक समितिका अध्यक्षज्यूको तर्फबाट गरिएको सम्बोधनलाई यसै निर्णय पुस्तिकाको अनुसूची १ मा उल्लेख गरिएको छ ।

**११. प्रस्ताव तथा निर्णय :**

सभामा उठेका प्रश्नहरुको जवाफ दिने क्रम सकिएपछि सभापतिज्यूले छलफलको विषयसूचीमा उल्लेखित प्रस्तावहरु सभाद्वारा पारित गर्नको लागि प्रस्तुत गर्नु भएकोमा देहायका प्रस्तावहरुमा देहाय अनुसार निर्णय भयो ।

**<u>क) सामान्य प्रस्ताव :</u>**

**१.अध्यक्षज्यूको मन्तव्य सहित सञ्चालक समितिको वार्षिक प्रतिवेदन २०७७/०७८ पारित गर्ने ।**

अध्यक्षज्यूको मन्तव्य सहित सञ्चालक समितिको वार्षिक प्रतिवेदन २०७७/०७८ पारित गरियोस् भनी सभापतिज्यूबाट प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरूबाट उक्त प्रस्ताव सर्वसम्मतीबाट पारित भयो ।

**२. मेगा बैंक नेपाल लिमिटेडको आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षकको प्रतिवेदन सहित बैंकको मिति २०७८ आषाढ ३१ गतेको एकिकृत वित्तीय अवस्थाको विवरण (वासलात), मिति २०७७ श्रावण १ गते देखि मिति २०७८ आषाढ ३१ गते सम्मको एकिकृत नाफा नोक्सानको विवरण, एकिकृत अन्य विस्तृत आम्दानीको विवरण, एकिकृत नगद प्रवाह विवरण, एकिकृत इक्विटीमा भएको परिवर्तनको विवरण, प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु, वित्तीय विवरणको अनुसूचिहरु र उद्घोषण तथा अतिरिक्त विवरणहरु सहितको लेखापरीक्षण गरिएको आर्थिक वर्ष २०७७/७८ को वार्षिक वित्तीय विवरणहरु (सहायक कम्पनी मेगा क्यापिटल मार्केट्स लिमिटेड समेतको) उपर छलफल गरी पारित गर्ने ।**

मेगा बैंक नेपाल लिमिटेडको आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षकको प्रतिवेदन सहित बैंकको मिति २०७८ आषाढ ३१ गतेको एकिकृत वित्तीय अवस्थाको विवरण (वासलात), मिति २०७७ श्रावण १ गते देखि मिति २०७८ आषाढ ३१ गते सम्मको एकिकृत नाफा नोक्सानको विवरण, एकिकृत अन्य विस्तृत आम्दानीको विवरण, एकिकृत नगद प्रवाह विवरण, एकिकृत इक्विटीमा भएको परिवर्तनको विवरण, प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु, वित्तीय विवरणको अनुसूचिहरु र उद्घोषण तथा अतिरिक्त विवरणहरु सहितको लेखापरीक्षण गरिएको आर्थिक वर्ष २०७७/७८ को वार्षिक वित्तीय विवरणहरु (सहायक कम्पनी मेगा क्यापिटल मार्केट्स लिमिटेड समेतको) पारित गरियोस् भनी सभापतिज्यूबाट प्रस्ताव प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरूबाट उक्त प्रस्ताव सर्वसम्मतीबाट पारित भयो ।

**३. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पुंजी रु.१४,६५,४९,६४,९५७/६० (अक्षेरुपी चौध अर्ब पैसठ्ठी करोड उनन्पचास लाख चौसठ्ठी हजार नौ सय सन्ताउन्न रुपैयाँ साठी पैसा मात्र) को २.०७% ले हुन आउने रकम रु.३०,३३,५७,७७४।६२ (अक्षेरुपी तीस करोड तेत्तीस लाख सन्ताउन्न हजार सात सय चौहत्तर रुपैयाँ बैसठ्ठी पैसा मात्र) नगद लाभांश स्वीकृत गर्ने ।**

कम्पनी सचिव

सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पुंजी रु.१४,६५,४९,६४,९५७/६० (अक्षेरुपी चौध अर्ब पैसठ्ठी करोड उनन्पचास लाख चौसठ्ठी हजार नौ सय सन्ताउन्न रुपैयाँ साठी पैसा मात्र) को २.०७% ले हुन आउने रकम रु.३०,३३,५७,७७४।६२ (अक्षेरुपी तीस करोड तेत्तीस लाख सन्ताउन्न हजार सात सय चौहत्तर रुपैयाँ बैसठ्ठी पैसा मात्र) नगद लाभांश स्वीकृत गरियोस भनी सभापतिज्यूबाट प्रस्ताव प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरूबाट उक्त प्रस्ताव सर्वसम्मतीबाट पारित भयो ।

**४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक बर्ष २०७८/७९ को लागि बैंकको लेखापरीक्षक नियुक्तगरी निजको पारिश्रमिक निर्धारण गर्ने ।**

कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.ब.२०७८/७९ (२०२१/२२) को लागि बैंकको लेखापरिक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा लेखा परीक्षण समितिको मिति २०७८ मंसिर २४ गते बसेको १२६औं बैठकको सिफारिशमा चार्टड एकाउण्टेन्टस् फर्म M/s NBSM & Associates लाई आ.ब. २०७८/७९ (२०२१/२२) को लागि वाह्य लेखा परीक्षण (Statutory Audit), Long Form Audit Report (LFAR) को लागि भ्याट वाहेक रु.१२,१०,०००/-,कर लेखापरिक्षणको लागि रु.५५,०००।-पारिश्रमिकका साथै, कम्पनी ऐन २०६३ को दफा ७८ को प्रमाणिकरणका लागि रु. २७,५००।-र लेखा परिक्षणसँग सम्बन्धित अन्य सबै कामको लागि (Out of poket expenses- including local conveyance, out station travelling expenses, Lodging, fooding,air fare & Others) समेतको लागि भ्याट बाहेक रु.२४७,५००/- समेत गरी भ्याट बाहेक जम्मा रु. १५,४०,०००।-(पन्ध्र लाख चालिस हजार मात्र) पारिश्रमिक तथा शुल्क प्रदान गर्ने गरी चार्टड एकाउण्टेन्टस् फर्म M/s NBSM & Associates लाई बैंकको बाहय लेखा परीक्षक नियुक्त गर्ने प्रस्ताव पारित गरियोस भनी भनी सभापतिज्यूबाट प्रस्ताव प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरूबाट उक्त प्रस्ताव सर्वसम्मतीबाट पारित भयो ।

**<u>ख) विशेष प्रस्ताव</u>**

**१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पुंजी रु. रु.१४,६५,४९,६४,९५७/६० (अक्षेरुपी चौध अर्ब पैसठ्ठी करोड उनन्पचास लाख चौसठ्ठी हजार नौ सय सन्ताउन्न रुपैयाँ साठी पैसा मात्र) को १०% ले हुन आउने रकम रु.१,४६,५४,९६,४९५।७६ (अक्षेरुपी एक अर्ब छयालीस करोड चौवन्न लाख छयानब्बे हजार चार सय पन्चानब्बे रुपैयाँ छयहत्तर पैसा मात्र) बोनस शेयर जारी गर्न स्वीकृति प्रदान गर्ने र बोनस शेयर जारी गरे पश्चात् कायम हुने भिन्न अंक (Fraction) लाई भविष्यमा समायोजन गर्ने गरी यथावत राख्ने ।**

सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पुंजी रु. रु.१४,६५,४९,६४,९५७/६० (अक्षेरुपी चौध अर्ब पैसठ्ठी करोड उनन्पचास लाख चौसठ्ठी हजार नौ सय सन्ताउन्न रुपैयाँ साठी पैसा मात्र) को १०% ले हुन आउने रकम रु.१,४६,५४,९६,४९५।७६ (अक्षेरुपी एक अर्ब छयालीस करोड चौवन्न लाख छयानब्बे हजार चार सय पन्चानब्बे रुपैयाँ छयहत्तर पैसा मात्र) बोनस शेयर जारी गर्न स्वीकृति प्रदान गर्ने र बोनस शेयर जारी गरे पश्चात् कायम हुने भिन्न अंक (Fraction) लाई भविष्यमा समायोजन गर्ने गरी यथावत राख्ने सम्बन्धी विशेष प्रस्ताव पारित गरियोस भनी सभापतिज्यूबाट प्रस्ताव प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरूबाट उक्त प्रस्ताव सर्वसम्मतीबाट पारित भयो ।

**२. बैंकको प्रवन्धपत्र र नियमालीमा संशोधन गर्ने ।**

बैंकको आ.व.२०७७/७८ को मुनाफाबाट शेयरधनीहरुलाई बोनस शेयर प्रदान गर्ने प्रस्ताव अनुसार बैंकको अधिकृत,जारी र चुक्ता पूँजी वृद्धि भई पूँजीगत संरचनामा संशोधन गर्नुपर्ने भएको हुँदा बैंकको प्रबन्धपत्रको दफा ६ को (क), (ख) र (ग) मा संशोधन गर्ने तथा सञ्चालकहरुको भत्तामा समय सापेक्ष परिमार्जन गर्नुपर्ने भएकोले नियमावलीको नियम ३२ को उप नियम (ख),उप नियम (ग) को (अ),(आ),(इ),(ई),र (उ) मा संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गरियोस भनी सभापतिज्यूबाट प्रस्ताव प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरूबाट उक्त प्रस्ताव सर्वसम्मतीबाट पारित भयो । सो प्रस्ताव पारित भएपछि बैंकको प्रवन्धपत्रको दफा दफा ६ को (क), (ख) र (ग) तथा नियमावलीको नियम ३२ को उप नियम (ख),उप नियम (ग) को (अ),(आ),(इ),(ई),र (उ) मा देहाय बमोजिम हुनेछन् ।

कम्पनी सचिव

MEGA BANK NEPAL LIMITED
मेगा बैंक नेपाल लिमिटेड

**दफा ६ उपदफा (क)** :बैंकको अधिकृत पुंजी रु.१७,००,००,००,०००।- ( सत्र अर्व मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००।- दरको १७,००,००,०००।-(सत्र करोड) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

**दफा ६ उपदफा (ख)** : बैंकको जारी पुंजी रु. १६,१२,०४,६१,४५३।३६ (सोह्र अर्व बाह्र करोड चार लाख एकसठ्ठी हजार चार सय त्रिपन्न रुपैया छत्तीस पैसा मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु १००।- दरको १६,१२,०४,६१४।५३४ (सोह्र करोड बाह्र लाख चार हजार छ सय चौध दशमलव त्रिपन्न) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

**दफा ६ उपदफा (ग)** : बैंकको चुक्ता पुंजी रु. १६,१२,०४,६१,४५३।३६ (सोह्र अर्व बाह्र करोड चार लाख एकसठ्ठी हजार चार सय त्रिपन्न रुपैया छत्तीस पैसा मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००।- दरको १६,१२,०४,६१४।५३४ (सोह्र करोड बाह्र लाख चार हजार छ सय चौध दशमलव त्रिपन्न) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

**नियम ३२ को उपनियम (ख)**
सञ्चालक समितिको बैठकमा उपस्थित भए बापत अध्यक्षलाई प्रति बैठक भत्ता रु. १८,९७५।– र अन्य सञ्चालकलाई प्रति बैठक भत्ता रु.१५,१८०।– उपलब्ध गराईने छ ।

**नियम ३२ को उपनियम (ग) को (अ) :**
स्वदेशमा दैनिक भत्ता रु. ८,८००।-

**नियम ३२ को उपनियम (ग) को (आ) :**
भारतमा दैनिक भत्ता भा.रु. ६,६००।-

**नियम ३२ को उपनियम (ग) को (इ) :**
भारतमा वाहेक अन्य दक्षिण एसियाली देशहरुमा दैनिक भत्ता अमेरिकी डलर २७५।–

**नियम ३२ को उपनियम (ग) को (ई) :**
दक्षिण एसियाली देश बाहेक अन्य देशहरुमा दैनिक भत्ता अमेरिकी डलर ३८५।–

**नियम ३२ को उपनियम (ग) को (उ) :**
भ्रमण भत्ता र लजिङ्ग फुडिङ्ग बापतको होटेल खर्च बास्तविक विल बमोजिम । सञ्चालक समितिका अध्यक्ष एवम् सदस्यहरुका लागि टेलिफोन, ईन्टरनेट /पत्रपत्रिका खर्च बापत प्रति महिना प्रति सदस्य रु.१३,२००।- उपलब्ध गराईने छ ।

**३. बैंकको प्रबन्धपत्रको प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुबाट कुनै फेरवदल गर्न निर्देशन प्राप्त भएमा सो अनुसार आवश्यक फेरवदल गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।**

बैंकको प्रबन्धपत्रको प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुबाट कुनै फेरवदल गर्न निर्देशन प्राप्त भएमा सो अनुसार आवश्यक फेरवदल गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गरियोस भनी सभापतिज्यूबाट प्रस्ताव प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरूबाट उक्त प्रस्ताव सर्वसम्मतीबाट पारित भयो ।

**४.बैंकमा अर्को कुनै बैंक वा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ती (एक्विजिसन) गर्ने सम्बन्धमा आवश्यकता अनुसार मर्जर/प्राप्ती समिति गठन गर्ने, उपयुक्त बैंक वा वित्तीय संस्थासंग समझदारी पत्र ( Memorandum of Understanding) गर्ने, सम्पत्ति, दायित्व तथा कारोबारको मूल्याङ्कन (Due Diligence Audit) गर्न मान्यता प्राप्त (स्वदेशी वा विदेशी) मूल्याङ्कनकर्ता नियुक्ती गर्ने गराउने, मुल्याङ्कनकर्ताको पारिश्रमिक**

कम्पनी सचिव

MEGA BANK NEPAL LIMITED
मेगा बैंक नेपाल लिमिटेड

**तोक्ने, शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) निर्धारण गर्ने, गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ती (एक्विजिसन) गर्न अन्तिम सम्झौता गर्ने लगायतका मर्जर तथा एक्विजिसनसँग सम्बन्धित आवश्यक सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।**

बैंकमा अर्को कुनै बैंक वा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ती (एक्विजिसन) गर्ने सम्बन्धमा आवश्यकता अनुसार मर्जर/प्राप्ती समिति गठन गर्ने, उपयुक्त बैंक वा वित्तीय संस्थासंग समझदारी पत्र (Memorandum of Understanding) गर्ने, सम्पत्ति, दायित्व तथा कारोबारको मूल्याङ्कन (Due Diligence Audit) गर्न मान्यता प्राप्त (स्वदेशी वा विदेशी) मूल्याङ्कनकर्ता नियुक्ती गर्ने गराउने, मुल्याङ्कनकर्ताको पारिश्रमिक तोक्ने, शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) निर्धारण गर्ने, गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ती (एक्विजिसन) गर्न अन्तिम सम्झौता गर्ने लगायतका मर्जर तथा एक्विजिसनसँग सम्बन्धित आवश्यक सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धि विशेष प्रस्ताव पारित गरियोस भनी सभापतिज्यूबाट प्रस्ताव प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरूबाट उक्त प्रस्ताव सर्वसम्मतीबाट पारित भयो ।

**५.प्रचलित ऐन/कानूनको अधिनमा रही बैंकमा वैदेशिक रणनीतिक साझेदार ल्याउने प्रयोजनको लागि वैदेशिक रणनीतिक साझेदारको पहिचान गर्ने सम्बन्धमा आवश्यक कार्य गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।**

प्रचलित ऐन/कानूनको अधिनमा रही बैंकमा वैदेशिक रणनीतिक साझेदार ल्याउने प्रयोजनको लागि वैदेशिक रणनीतिक साझेदारको पहिचान गर्ने सम्बन्धमा आवश्यक कार्य गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धि विशेष प्रस्ताव पारित गरियोस भनी सभापतिज्यूबाट प्रस्ताव प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरूबाट उक्त प्रस्ताव सर्वसम्मतीबाट पारित भयो ।

ग. <u>विविध</u>: विविध अन्तर्गत छलफलको लागि कुनै प्रस्ताव नभएको सभापतिज्यूले जानकारी गराउनु भयो ।

**१२. धन्यवाद ज्ञापनः**

सभामा प्रस्तुत गरिएका सम्पूर्ण प्रस्तावहरु पारित भएपछि सभापतिज्यूले बैंकको एघारौं वार्षिक साधारण सभामा सहभागी हुनु भई सभा सुचारु रूपले सञ्चालन गर्न र सफल पार्न सहयोग गर्नु भएकोमा सबै शेयरधनी महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो । बैंकको एघारौं वार्षिक साधारण सभालाई सफल बनाउन सहयोग पुऱ्याउनु हुने प्रमुख कार्यकारी अधिकृत श्री अनुपमा खुञ्जेली, नायव प्रमुख कार्यकारी अधिकृत श्री रविना देशराज श्रेष्ठ, वरिष्ठ नायब महाप्रवन्धक तथा कम्पनी सचिव श्री तुल्सीराम पोखरेल, प्रमुख सञ्चालन अधिकृत श्री राजेश शर्मा, बैंकको उच्च व्यवस्थापनका पदाधिकारीहरु, प्रवन्धकहरु श्री रमेश खड्का, श्री निर्मल श्रेष्ठ, श्री अनिल देव पाण्डे, श्री श्रीकृष्ण प्रसाद पन्त, श्री शकर पोखरेल, कर्मचारीहरु श्री रोशन श्रेष्ठ, श्री प्रग्लभ न्यौपाने, श्री चन्द्र कान्त न्यौपाने, श्री सन्तोष ज्ञवाली, श्री सुमन कार्की लगायत सम्पूर्ण कर्मचारीहरु र बैंकका विभिन्न विभागबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा साधारण सभा सम्पन्न गर्नका लागि विशेष सहयोग पुऱ्याउनु हुने कर्मचारीहरु लगायत नियामक निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लि., सिडिएस एण्ड क्लियरिङ लि., मेगा क्यापिटल मार्केट्स लि., सुरक्षा निकायका सुरक्षाकर्मीहरु, विभिन्न संघसंस्थावाट पाल्नु भएका प्रतिनिधि, यस बैंकको वाह्य लेखापरीक्षक सि एस सी एण्ड कम्पनीलाई विशेष धन्यवाद दिनु भयो ।

**१३. सभा बिसर्जनः**

अन्त्यमा सम्पूर्ण कार्यक्रमको समापन पश्चात् अपरान्ह ३:०० बजे सभापतिज्यूले सभा बिसर्जन भएको घोषणा गर्नुभयो ।

तुल्सीराम पोखरेल
कम्पनी सचिव
कम्पनी सचिव

MEGA BANK NEPAL LIMITED
मेगा बैंक नेपाल लिमिटेड

भोजबहादुर शाह
सभापति

मिति : २०७८ पौष ०७ गते ।